अभिभावकहरूका लागि

रेइवा 6 साल अप्रिल
कावासाकी नगर शिक्षा समिति

# विद्यालय खाना शुल्क सम्बन्धी सूचना

## 1. विद्यालय खाना शुल्कको निर्धारण

- 1 वर्षको विद्यालयको खाना शुल्क "प्रति 1 खाना शुल्क × योजनारत वार्षिक खाना संख्या" द्वारा गणना गरिन्छ ।
- हरेक चरणको भुक्तान गर्नुपर्ने रकम निश्चित हुनेछ र अनुमानित रकम तलको तालिकामा देखाइएको छ । जून महिनातिर ठोस नगद रकम लेखिएको सूचना पत्र पठाइनेछ।
- खाद्य एलर्जी, ल्याक्टोस इन्टोलेरेन्स आदि भई "विद्यालयको खाना वर्गीकरण परिवर्तन निवेदन" पेस गरेको खण्डमा "दूध बाहेक" लागु हुनेछ। साथै फरमेन्टेड दूध जस्ता सबै पिउने कुराहरू रोकको दायरामा पर्नेछन्।

<table>
<tr><th colspan="2">विद्यालयको प्रकार</th><th rowspan="2">प्राथमिक विद्यालय</th><th colspan="2">माध्यमिक विद्यालय</th><th colspan="3">विशेष सहयोग विद्यालय</th></tr>
<tr><th colspan="2">शैक्षिक वर्ष</th><th>पहिलो र दोस्रो कक्षाका विद्यार्थी</th><th>तेस्रो कक्षाका विद्यार्थी</th><th>शिशु विभाग</th><th>प्राथमिक विद्यालय विभाग</th><th>माध्यमिक विद्यालय विभाग / उच्च माध्यमिक विद्यालय विभाग</th></tr>
<tr><td rowspan="2">मासिक दर</td><td>पुरा खाजा</td><td>4,600 येन</td><td>4,800 येन</td><td>4,600 येन</td><td>3,000 येन</td><td>4,500 येन*</td><td>5,400 येन</td></tr>
<tr><td>दूध बाहेक</td><td>3,600 येन</td><td>3,900 येन</td><td>3,700 येन</td><td>2,000 येन</td><td>3,500 येन*</td><td>4,300 येन</td></tr>
</table>

*विशेष सहयोग विद्यालय प्राथमिक विद्यालय विभागका विभाजित कक्षाहरूको रकम र प्राथमिक विद्यालयको रकम एकै हुनेछ।

## 2. विद्यालय खाना शुल्क भुक्तान गर्ने तरिका

- विद्यालयको खाना शुल्क, सामान्यतया बैंक खाताद्वारा भुक्तान गर्नुपर्नेछ। बैंक खाताद्वारा भुक्तानी सम्बन्धीको दर्ता, भुक्तान गर्ने म्यादको अघिल्लो महिनाको 20 तारिख सम्ममा प्राप्त गरेका निवेदनद्वारा, आउँदो महिनाबाट कामकाज सुरु गर्नेछ । (भुक्तान गर्ने म्याद, शनिबार, आइतबार तथा छुट्टिको दिन आदिमा परेको खण्डमा, त्यस पछि वित्तीय संस्था जुन दिन खुल्छ त्यही दिन सम्म हुनेछ।)
- आर्थिक वर्ष रेइवा 6 को बैंक खाताद्वारा भुक्तान मिति (भुक्तानी म्याद) निम्न अनुसार रहेको छ।

| रेइवा 4 साल | चरण 1 | चरण 2 | चरण 3 | चरण 4 | चरण 5 | चरण 6 | चरण 7 | चरण 8 | चरण 9 |
|---|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी म्याद | जुलाई 1 तारिख | जुलाई 31 तारिख | सेप्टेम्बर 2 तारिख | सेप्टेम्बर 30 तारिख | अक्टोवर 31 तारिख | डिसेम्बर 2 तारिख | जनवरी 6 तारिख | जनवरी 31 | फेब्रुअरी 28 तारिख |
| लक्षित महिना | अप्रिल र मे महिनाको भाग | जून महिनाको भाग | जुलाई महिनाको भाग | अगस्त र सेप्टेम्बर महिनाको भाग | अक्टोवर महिनाको भाग | नोभेम्बर महिनाको भाग | डिसेम्बर महिनाको भाग | जनवरी महिनाको भाग | फेब्रुअरी र मार्च महिनाको भाग |

**कृपया विद्यालयको खाना शुल्क बैंक खाताद्वारा भुक्तान गर्ने गरी व्यवस्थापन गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।**

कावासाकी नगरको Web बैंक खाताबाट रकमान्तर दर्ता साइटबाट पनि आवेदन दिन सकिन्छ। (पछाडिको URL मा गएर हेर्नुहोस्)

## 3. विद्यालयको खाना शुल्कसँग सम्बन्धित वितरण वस्तुहरू

जुन महिनाको बीच तिर **"विद्यालयको खाना शुल्क भुक्तानी रकम निर्णय सूचना पत्र"** मा एक वर्षको विद्यालयको खाना शुल्क र भुक्तानी म्यादको बारेमा लेखेर पठाइनेछ। साथै भुक्तानी पत्रद्वारा भुक्तानी गर्ने व्यक्तिहरूलाई महिनाको 20 तारिख तिर भुक्तानी पत्र सँगै "विद्यालयको खाना शुल्क भुक्तान सूचना पत्र" पनि हालेर पठाइनेछ।

## 4. ठेगाना, नाम, बैंक खाता विवरण आदिमा परिवर्तन भएमा

- **विद्यालयको खाना शुल्क बेहोर्ने व्यक्तिको ठेगाना, नाम र फोन नम्बर** परिवर्तन भएको बेला गर्ने प्रक्रिया निम्न अनुसार रहेको छ।

<table>
<tr><th>परिवर्तन विवरण</th><th>विद्यालयमा पेस गर्ने कागजात</th><th>कैफियत</th></tr>
<tr><td>ठेगाना (वितरण वस्तुहरू पठाउने ठेगाना)</td><td>छैन*</td><td rowspan="3">*ठेगाना परिवर्तन भएको खण्डमा वितरण वस्तुहरू पठाउने ठेगानालाई नगर कार्यालयलाई सूचित गराइएको नयाँ ठेगानामा परिवर्तन गरिने हुनाले "विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन" पेस गर्नु पर्दैन। तर नगर कार्यालयलाई सूचित गराइएको ठेगाना बाहेक अन्य ठेगानामा पठाउन अनुरोध गर्ने खण्डमा अनिवार्य रूपमा विद्यालयमा "विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन" पेस गर्नुहोस्।</td></tr>
<tr><td>विद्यालयको खाना शुल्क बेहोर्ने व्यक्तिको नाम</td><td rowspan="2">विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन</td></tr>
<tr><td>फोन नम्बर</td></tr>
</table>

*विशेष सहायता विद्यालयको नर्सरी तह / माध्यामिक तहमा पढ्ने व्यक्तिको हकमा, “विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन” पेश गर्नु अनिवार्य छ।

- **विद्यालयको खाना शुल्कको खाता जानकारी** परिवर्तन भएको बेला गर्ने प्रक्रिया निम्न अनुसार रहेको छ।

| परिवर्तन विवरण | गर्नुपर्ने प्रक्रिया |
|---|---|
| **भुक्तानी बैंक खाता परिवर्तन** | पछाडि पृष्ठको "Web बैंक खाताबाट रकमान्तर दर्ता साइट” मा गएर, नयाँ रुपमा बैंक खाताबाट रकमान्तर गर्ने बैंक खाता दर्ता गर्नुहोस्। |
| **खातावालाको नाम परिवर्तन (थर परिवर्तन आदि)** | "विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन" मा पासबुकको प्रतिलिपि जस्ता परिवर्तन पछिको खातावालाको नाम थाहा हुने कागजात संलग्न गरी विद्यालयमा पेस गर्नुहोस्। (जापान पोष्ट बैंकको खण्डमा तोकिएको कागजपत्र मार्फत काउन्टरमा प्रक्रिया गर्नु पर्नेछ)। |

## 5. विद्यालयको खाना शुल्क रोक्का, पुन: सुचारु, परिवर्तन (विद्यालयको खाना शुल्क समायोजन) को बारेमा

### (1) विद्यालयको खाना आपूर्तिको बारेमा, रोक्ने, पुन: सुरु गर्ने, परिवर्तनको सूचना पेस गर्ने खण्डमा

- विद्यालयको खाना आपूर्ति "रोक्ने (नखाने)", "रोकेको अवस्थाबाट पुन: सुरु गर्ने", "विद्यालयको खानाको सामग्री परिवर्तन गर्ने (दूध रोक्ने वा केवल दूध मात्र चाहने)" आदि अवस्थामा, **अगाडि नै विद्यालयमा "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" पेस गर्नुभएमा, विद्यालयको खाना शुल्कको बन्दोबस्त गर्नेछौं ।**

#### खाद्य एलर्जी आदिका कारणबाट दूध रोक्ने वा केवल दूध मात्र चाहने खण्डमा आदि

यदि तपाईंलाई खाना एलर्जी आदिको कारणबाट, "(1) खाना रोक्ने", "(2) दूध रोक्ने", वा "(3) दूध मात्र चाहने" खण्डमा "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" पेस गर्नुहोस् । (1) ~ (3) को वर्गीकरण अनुसार विद्यालयको खाना शुल्कको बन्दोबस्त गरिनेछ ।

#### बिमारी वा चोटपटक, लामो समय अनुपस्थित आदिका कारणले लगातार 4 दिन भन्दा बढी खाना नखाएको खण्डमा

चोट वा बिरामी, लामो समय अनुपस्थित आदिको कारणले **लगातार 4 दिन वा सो भन्दा बढी** खाना नखाने बारेमा अगाडि नै थाहा भएको खण्डमा, "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" विद्यालयमा पेस गरेमा विद्यालयको खाना शुल्क भुक्तानीको माग रोकिनेछ ।

विविध कारणबाट अनपेक्षित रुपमा लामो समय अनुपस्थित भएता पनि, "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" पेश नगरेको खण्डमा, विद्यालय खाना खर्च तिर्नु पर्नेछ। विद्यालय खाजा रोक्का गर्ने वा नगर्ने बारे दुबिधा भएमा, विद्यालय वा स्वास्थ्य भोजन प्रवर्धन कार्यालयमा परामर्श गर्नुहोस्।

#### नगरपालिकाद्वारा सञ्चालित विद्यालय बाहेक अन्य विद्यालयमा स्थानान्तरण गर्ने खण्डमा

नगरबाट बाहिर सर्ने वा निजी विद्यालयमा स्थानान्तरण गर्ने खण्डमा, सामान्य तरिकाको स्थानान्तरण प्रक्रिया गर्न आवश्यक पर्छ, तर सामान्यतया विद्यालयको खाना सम्बन्धी कागजातहरू बुझाउनु आवश्यक पर्नेछैन । साथै, खाद्य सामग्रीको अर्डर गर्ने सिलसिलामा, विद्यालयको खाना शुल्क भुक्तानीको माग तुरुन्त रोक्न नसकिने कुराको अगाडि नै जानकारी गराउँछौं ।

#### "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" पेश गर्दा ध्यान दिनु पर्ने कुराहरु

**विद्यालयको खाना शुल्कको लेखाजोखा, विद्यालयले निवेदन ("विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" अथवा विद्यालय परिवर्तनको निवेदन) लिएको दिनको भोलिपल्टबाट हिसाब गरेर 8 औं दिन (शनिबार, आइतबार तथा छुट्टिको दिन आदि बाहेक) वा सो भन्दा पछि लागु गरिनेछ।**

**विशेष गरी विद्यालयको खाना रोक्नेको सन्दर्भमा, निवेदन नदिएसम्म खाद्य सामग्रीको अर्डर गरिने हुनाले, खाना खाए पनि नखाए पनि विद्यालय खाना शुल्क माग गरिनेछ।** तसर्थ, **निश्चित रूपमा विद्यालयमा अग्रिम रूपमा निवेदन दिनुहुन अनुरोध गर्दछौं।**

जानकारी पेस गर्न ढिलाइ भएको खण्डमा, योजनाहरू अपेक्षित मिति देखि लागू गर्न नसकिने हुनाले कृपया ध्यान दिनुहोला ।

(उदाहरण) रेइवा 6 साल जुन 24 तारिख (सोमवार) ~ 28 तारिख (शुक्रवार) सम्मको खाना रोक्न चाहेको खण्डमा

→ विद्यालयमा "विद्यालयको खाना शुल्कको वर्गीकरण परिवर्तन निवेदन" पेस गर्ने म्याद : रेइवा 6 साल जुन 12 तारिख (बुधवार)

### (2) विद्यालयको गतिविधि वा अस्थायीरूपमा बन्द भएको आदि कारणले विद्यालयको खाना आपूर्ति नभएको खण्डमा

- विद्यालयको गतिविधि आदि अनुसार, विद्यालयमा खाना नदिने भनी तोकिएको दिनको विद्यालयको खाना शुल्कको माग गरिनेछैन ।
- टाइफून तथा संक्रामक रोगका कारण विद्यालय अस्थायी रूपमा बन्द गरिएको (शैक्षिक वर्ष, विद्यालय, कक्षा सेक्सन बन्द) आदि अवस्थामा, खाना उपलब्ध नभए, विद्यालयको खाना शुल्कको माग रोकिनेछ । साथै अस्थायी रूपमा बन्द भएको आदिको कारण अचानक प्रयोग गर्न नसकिने भएको खानाको सामग्रीहरू SDGs को प्रयासको रूपमा बालबालिकाको भोजनालय आदिको खानाको सामग्रीमा उपयोग गरिने अवस्थाहरू पनि हुन सक्छन्।

### (3) विद्यालयको खाना शुल्कको समायोजन (हिसाब मिलान) किस्ता 9 मा गरिनेछ ।

- विद्यालयको खाना शुल्कको बन्दोबस्त, साधारणतया किस्ता 9 मा लेखाजोखा हुनेछ। फेब्रुअरी महिनामा, विद्यालयको खाना आपूर्ति संख्या अनुसार, 1 वर्षको विद्यालयको खाना शुल्क रकम निर्धारण हुने र किस्ता 9 को भुक्तान रकमबाट लेखाजोखा मिलाइन्छ ।
- लेखाजोखा पछिको भुक्तानी रकमको बारेमा "विद्यालयको खाना शुल्क भुक्तान रकम परिवर्तन सम्बन्धीको सूचना पत्र"द्वारा फेब्रुअरी महिनामा जानकारी गराइन्छ । नगरबाट बाहिर सर्ने आदि खण्डमा, उक्त परिस्थिति उत्पन्न भएको महिना पछिको महिनामा हुलाकद्वारा पठाइन्छ ।
- किस्ता 9 को भुक्तानी रकम निश्चित भएपछि विद्यालयको खाना शुल्क लेखाजोखा गर्ने परिस्थिति उत्पन्न भएको खण्डमा, मार्च महिनामा भुक्तानका लागि माग वा रकम फिर्ता गरिनेछ। थप मागको खण्डमा सबै भुक्तानी पत्रद्वारा भुक्तानी गर्नु पर्नेछ।
- विद्यालयको खाना शुल्क भुक्तानी नगरिएको खण्डमा, रकम फिर्ता नगरी, भुक्तानी नगरिएको शुल्कको लागि प्रयोग गरिनेछ ।

### (4) विद्यालयको खाना शुल्क भुक्तानी गाह्रो भएको खण्डमा

- सरकारी आश्रयमा जीवनयापन गर्ने तथा शैक्षिक सहायता प्राप्त गर्नेहरूले विद्यालयको खाना शुल्क बेहोर्नु पर्दैन । प्रमाणित हुन समय लाग्ने हुनाले, पहिले नै भुक्तान गरिएको प्रमाणीकरणको दायरामा पर्ने रकमको विद्यालय खाना शुल्क प्रमाणीकरण पछि फिर्ता गरिनेछ । (**साथै शैक्षिक सहायता प्राप्त गर्नको लागि अघिल्लो आर्थिक वर्ष प्रमाणित व्यक्ति सहित सबैले फेरि आवेदन दिनु पर्दछ।**)

**[सम्पर्कका लागि]**
**कावासाकी नगर शिक्षा समिति सचिवालय**
**स्वास्थ्य भोजन प्रवर्धन कार्यालय**
फोन 044-200-2539 फ्याक्स 044-200-1810
ईमेल ठेगाना 88kyusyoku@city.kawasaki.jp
सरकारी बजेट परिवर्तनको होमपेज
https://www.city.kawasaki.jp/880/page/0000121366.html

↑ यहाँबाट Web मार्फत बैंक खाताद्वारा भुक्तानी दर्ता साइटमा जान सकिन्छ।

विद्यालयको खाना वर्गीकरण परिवर्तन निवेदन" र "विद्यालयको खाना आपूर्ति निवेदनमा उल्लिखित विषयहरूमा परिवर्तन आएको निवेदन" को फारम प्रत्येक विद्यालयमा वितरण भइरहेको छ। साथै माथि लेखिएको कावासाकी सहरको होमपेजबाट पनि डाउनलोड गर्न सकिन्छ। वित्तीय संस्थामा पेस गर्ने "भुक्तानी बैंक खाताद्वारा भुक्तानीका लागि अनुरोध पत्र" विद्यालयबाट हस्तान्तरण गरिनेछ।